


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३१७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर २२ गते बुधबार ❑ 8 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## माओवादी केन्द्रलाई पालिकामा नेतृत्व चयनमा सकस

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ मंसिर**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)लाई यहाँका स्थानीय तहका पार्टी कमिटीको नेतृत्व चयन गर्न सकस परेको छ।

देशैभर गत मङ्सिर ११ गते एकै दिनमा ७५३ स्थानीय तहमा अधिवेशन गरेको माओवादीले यहाँका पाँच पालिकामध्ये तीनवटामा अझै नेतृत्व चयन गर्न सकेको छैन।

मादी र रुपा गाउँपालिका कमिटीमा नेतृत्व चयन गरिए पनि भौगोलिकरूपमा देशकै सबैभन्दा ठूलो पोखरा महानगरसहित अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकामा अध्यक्षका आकाङ्क्षीबीचमा सहमति नजुट्दा नेतृत्व चयन गर्न अप्ठ्यारो परेको हो। माओवादीको सबै पालिका कमिटीमा नेतृत्वका लागि एकभन्दा बढीको दाबी छ। पार्टीले सर्वसम्मत नेतृत्व चयनलाई पहिलो प्राथमिकतामा राखे पनि कसैले पनि आफ्नो दाबी नछाड्दा सहमति बन्न सकेको छैन। नेतृत्व चयन हुन बाँकी पालिकामा पालिका कमिटीका सदस्यहरूको टुङ्गो लागे पनि अध्यक्ष र पदाधिकारी चयन बाँकी छ। माओवादीका जिल्ला संयोजक बखानसिंह गुरुङले नेतृत्व चयन हुन बाँकी पालिकाका अध्यक्षलगायत पदाधिकारी सहमतिका आधारमा टुङ्गो लगाउने प्रयास जारी रहेको बताउनुभयो। मङ्सिर २५ गते हुने प्रदेश अधिवेशनअघि सबै पालिकामा नेतृत्व चयन गरिसक्ने लक्ष्यअनुसार आकाङ्क्षीहरूका बीचमा बसेर छलफल गरिएको र निचोडमा पुग्ने दाबी उहाँले गर्नुभयो। उहाँले भन्नुभयो, "नेतृत्व चयन गर्न बाँकी पालिकामा प्रदेश अधिवेशनअगावै नेतृत्व चयन गर्ने गरी छलफल भइरहेको छ। सहमतिका लागि अधिकतम प्रयास गर्छौं। सहमति नबने विधानमा भएको व्यवस्थाअनुसार निर्वाचन प्रक्रियाका माध्यमबाट समेत नेतृत्व छनोट गर्नेछौं।"

पोखरा महानगरको बुधबार कमिटीको बैठक बसेर नेतृत्व चयनको प्रयास गरिने माओवादीले जनाएको छ। माछापुच्छ्रे र अन्नपूर्णमा पनि छिट्टै प्रक्रियामा लगिने बताइन्छ। नेतृत्वका आकाङ्क्षीहरूले आफ्नो दलिल पेश गर्नु जायज रहे पनि लचकता अपनाउन पार्टीले आग्रह गरेको संयोजक गुरुङले बताउनुभयो। नेतृत्वका आकाङ्क्षीहरूले भने लामो समय पार्टी कमिटीलाई अनिर्णको बन्दी नबनाउन पार्टी नेतृत्वसँग आग्रह गरेका छन्। माछापुच्छ्रे गाउँ कमिटीमा अध्यक्षका आकाङ्क्षी सुनिल दाहालले छिटो निर्वाचन प्रक्रिया सम्पन्न गर्न आग्रह गर्नुभयो। लामो समय नेतृत्व टुङ्गो नलाग्दा नेता, कार्यकर्तामा उत्साह कम हुँदै जाने भएकाले छिटो गर्न भनिएको उहाँले बताउनुभयो।

पालिका अधिवेशनअन्तर्गत माओवादीले जिल्लाको मादी गाउँपालिकामा तोरण गुरुङ, रुपामा नवराज बराल र मजदुर विशेष शाखामा टङ्क पौडेलेका अध्यक्षतामा ५५ सदस्यीय कमिटी निर्वाचित गरेको छ। आगामी पुसमा राष्ट्रिय सम्मेलनको तयारीमा रहेको माओवादी केन्द्रले वडा र पालिका अधिवेशन सम्पन्न गरेको छ। यही मङ्सिर २५ गते माओवादीले देशका सातवटै प्रदेशमा एकै दिन प्रदेश अधिवेशन गर्न लागेको छ।

## सक्रियता बढाउदै गण्डकी प्रज्ञा प्रतिष्ठान

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ मंसिर**

गण्डकी प्रज्ञा प्रतिष्ठान आफ्नो सक्रियता बढाउदै गएको छ। साहित्यका सबै विधालाई एकसाथ अगाडि बढाउन खोजेको प्रतिष्ठानले धमाधम कार्यक्रमको आयोजना गरेर आफ्नो सक्रियता बढाउदै गएको हो। फलस्वरुप आगामी पुष महिनाको लागि मात्र ६ वटा कार्यक्रम तय भैसकेको गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिनुभयो।

'हामीले निरन्तर कार्यक्रम गरिरहेका छौं, केही महत्वपूर्ण कार्यक्रम पौष महिनामा गर्दैछौं, नाटक लेखन कार्यशाला, नेवार समुदायको कुमारी र धिमे नृत्यको कार्यशाला, स्थापित जातीको भाषाको कार्यशाला, पञ्चेबाजा प्रशिक्षण, कवि गोष्ठी कार्यक्रम पौष महिनामा आयोजना गर्दैछौं' सदस्य सचिव श्रेष्ठले भन्नुभयो। पौष महिनामानै मुख्यमन्त्रीसँग बाल साहित्य कार्यक्रम दोस्रो श्रृखला आयोजना गरिनेछ। जुन कार्यक्रम पौष २३ गते हुने सदस्य सचिव श्रेष्ठले बताउनुभयो।

नाटक लेखन कार्यशाला पौष १ गतेबाट पोखरामा आयोजना हुनेछ। ११ गतेसम्म निरन्तर बिहान १० बजेदेखि साँझ ५ बजेसम्म कार्यशाला सञ्चालन गरिनेछ। ११ दिनसम्म पुरा समय दिन सक्ने व्यक्तिलाई मात्र कार्यशालामा सहभागी गराउने आयोजकको तयारी छ। कार्यशालामा सहभागी हुनका लागि नाटकको नमुना पठाउनु पर्नेछ। सहभागी हुन इच्छुकले एक हजार शब्दमा नबढाई नमुना नाटक लेखेर मंसिर २३ गते बेलुका ५ बजेसम्म पठाइसक्नुपर्ने आयोजकको भनाई छ। आवेदनमा परेका नाटकहरुमध्येबाट बढीमा ८ जना आवेदकलाई उत्कृष्टताको आधारमा छनोट गरी कार्यशालामा सहभागी गराउने तयारी गरिएको यो कार्यक्रमका संयोजक प्राज्ञ सुरेन्द्र गुरुङले जानकारी दिनुभयो। यो कार्यक्रमको अर्को आयोजक पोखरा प्रज्ञा प्रतिष्ठान हो। पोखरा थिएटरको गन्धर्व नाटकघरमा आयोजना हुने कार्यशालामा पोखरा थिएटरले सहकार्य गरेको छ। कार्यशालाको सहजीकरण लेखक, निर्देशक तथा कलाकार खगेन्द्र लामिछानेले गर्नुहुनेछ। यस अगाडि गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा नाटक निर्देशन कार्यशाला समेत सम्पन्न गरेको थियो। यसैगरी पौष ४ गतेबाट ८ गतेसम्म स्याङजा जिल्लाको वालिङमा नेवार समुदायको कुमारी र धिमे नृत्यको कार्यशाला गरिनेछ। गण्डकी प्रज्ञा प्रतिष्ठानले सप्तक संगीत सांस्कृतिक केन्द्रसँगको सहकार्यमा यो कार्यक्रम आयोजना गर्न लागेको हो। यो कार्यशालामा २५ जनालाई सहभागी गराउने तयारी गरिएको कार्यक्रम संयोजक प्राज्ञ गमबहादुर गुरुङले जानकारी दिनुभयो। स्थापित जाती विस्तापित भाषाको २ महिने कार्यशाला पौष १० गतेबाट हुनेछ। यो कार्यशाला गण्डकी प्रदेशका माग भएका जिल्लामा गरिनेछ।

'गण्डकी प्रदेश अर्न्तगतका ८४ जाती मध्ये सिरियल नम्बर १ देखि २० सम्मका २० जातीको अध्ययन गर्नेछौं। प्रत्येक जातीको ३ वटा संस्कृति तथा प्रत्येक जातीको ५ वटा बाजाको अध्ययन गरेर ती जाती संस्कृती र बाजाको बारेमा पुस्तक नै तयार पार्नेछौं' सदस्य सचिव श्रेष्ठले बताउनुभयो। यो अध्ययनलाई आधार बनाएर

बाँकी अन्तिम पृष्ठमा ▶▶

## हेमजा स्थित जैसीकुना डहरे देउरालीमा मोटरेवल पुल निर्माण गर्न स्थानियको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ मंसिर**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पोखरा २५ हेमजा स्थित जैसीकुना डहरे देउराली क्षेत्रमा मोटरेवल पुल निर्माण गर्ने अभियानको सुरुवात गर्ने बताउनु भएको छ। एक समारोहका बिच पैदल पुलको मंगलबार उद्घाटन गर्दै मन्त्री बरालले स्थानियको माग भए बमोजिम मोटरेवल पुल निर्माण गर्ने अभियानको सुरुवात गर्ने बताउनु भएको हो।



सानो रकममा हालै निर्माण भएको उक्त पुलबाट स्थानियमा छाएको खुसिले आफु निकै प्रभावित भएको बताउदै मन्त्री बरालले सानो रकमले जनतालाई धेरै खुसि छर्न सकिने जनाउनु भयो। माओबादी केन्द्र गण्डकी प्रदेशका सचिवालय सदस्य समेत रहेका मन्त्री बरालले एमाले अध्यक्ष केपी शर्मा ओली दोषी भएको बताउदैं मन्त्री बरालले केपी प्रबृत्ति खराब भएको दाबी गर्नु भयो। 'अङंकार र घमण्डले गर्दा केपी प्रबृत्ति नाङगिदै गएको बताउनु भयो। असली राजनीतिक पार्टी बुझ्न स्थानियलाई मन्त्री बरालले आग्रह समेत गर्नु भयो। पार्टी अध्यक्ष एवं पूर्व प्रधानमन्त्री प्रचण्डको पालामा मध्यपहाडी लोकमार्ग र पोखरा विमानस्थल निर्माण कार्य सुरुवात भएको दाबी गर्नु भयो।

हेमजालाई नमुना सिटिको रुपमा विकास गर्न आफुले चाहेको उहाँले बनाउनु भयो। पोखरा महानगपालिका वडा नम्बर २५ का वडा अध्यक्ष शोभाकर तिमिल्सिनाले मन्त्री बराल जस्तो नेता भए नेपाल १० बर्षमा सुजरल्याण्ड बन्ने दाबी गर्नु भयो। नेकपा माओबादी केन्द्र पोखरा महानगर कमिटिका सदस्य माधवशरण पौडेलले विकास निर्माणमा सवै पार्टी एक हुनुपर्ने बताउदै पोखरा २५ बाट उठेको कर भन्दा महानगरले कम बजेट विनियोजजन गर्ने गरेको गुनासो गर्नु भयो। नेकपा एमाले पोखरा २५ का अध्यक्ष ऋषिराम पौडेलले विकास निर्माणमा कुनै पनि राजनीति पार्टीले पूर्वाग्राह गर्न नहुने बताउनु भयो।

पर्यटन व्यवसायी बासु त्रिपाठीले हेमजाबासीको खेतिपाती गर्ने थलो पुल पारी भएकोले डहरेदेउराली क्षेत्रमा मोटरेवल पुल आवश्यक भएको बताउनु भयो। हेमजा आमा समुहका उपाध्यक्ष उमा त्रिपाठीले आफुहरुले घाँस दाउरा तथा खेतिपाती गर्ने जग्गा सुइखेत खोला पारी भएकोले मोटरेवल पुल आवश्यक भएको बताउनु भयो। पश्चिमाञ्चल विकास मञ्चका संरक्षक धर्मराज बरालले विकासको लागि पहिलो पूर्वाधार सडक तथा पुलहरु आवश्यक भएको बताउनु भयो।

समितिका अध्यक्ष तिर्थराज त्रिपाठीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा सचिव खिमलाल त्रिपाठी, संचारकर्मी आरती अधिकारी लगायतले जेसीकुना डहरेदेउराली क्षेत्रमा हाल मोटरेवल पुल आवश्यक भएकोमा जोड दिएका थिए। करिब ५ लाखको पैदल पुलको निर्माण भएको छ भने उक्त पुल निर्माणमा मन्त्री बरालले आफ्नो निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगत गत बर्ष दुई लाख रुपैया विनियोजन गर्नु भएको थियो। उक्त पुल निर्माणमा अध्यक्ष त्रिपाठी सहितका दाताहरुले समेत सहयोग गर्नु भएको हो भने उक्त पुल निर्माण भए पनि हाल करिब ७० हजार ऋण भएको समितिले जनाएको छ।

## कांग्रेसको संस्थापन इतर समूहमा सभापतिको उम्मेदवारबारे छलफल

**रासस**
**काठमाडौं, २१ मंसिर**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल समूहले पार्टीको आसन्न १४औँ महाधिवेशनका लागि सभापतिको एकमात्र उम्मेदवार बनाउने विषयमा छलफल गरेको छ।

सो समूहका नेताको आज पूर्वमहामन्त्री प्रकाशमान सिंहको चाक्सिबारीस्थित निवासमा बसेको बैठकले एकमात्र उम्मेदवार टुङ्ग्याउन नसकेपछि बुधबार बिहान ९ बजे पुनः बैठक बस्ने निष्कर्ष निकालेको हो। बुधबारसम्म एकमात्र उम्मेदवार तय गर्ने सहमति भएको बैठकमा सहभागी केन्द्रीय सदस्य रामकृष्ण यादवले जानकारी दिनुभयो।

बैठकमा सभापतिका उम्मेदवार वरिष्ठ नेता पौडेल, महामन्त्री डा शशाङ्क कोइराला, पूर्वमहामन्त्री सिंह र केन्द्रीय सदस्य डा शेखर कोइरालाले आफ्नो दाबी प्रस्तुत गर्नुभएको थियो। नेताहरूले बुधबार बिहान आफ्नो समूहका केन्द्रीय सदस्य, जिल्ला सभापति र पूर्वजिल्ला सभापतिसँग रायपरामर्श गरी साँझसम्म एकमात्र उम्मेदवार घोषणा गर्ने तयारी गर्नुभएको उहाँले बताउनुभयो।

मंगलबार दिउँसो १ देखि साँझ ७ बजेसम्म बसेको बैठकमा सभापतिका चारै जना उम्मेदवार, कोषाध्यक्ष सीतादेवी यादव, नेता डा रामशरण महत, बलबहादुर केसी, डा मीनेन्द्र रिजाल, दिलबहादुर घर्ती, डा चन्द्र भण्डारी, बद्री पाण्डे, धनराज गुरुङ जीवन परियारलगायत सहभागी हुनुहुन्थ्यो।

## सिटी वान टेलिभिजन नियमीत प्रसारणमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ मंसिर**

पोखराको नयाँवजारमा रहेको सिटीवान टेलीभीजनले आफनो नियमीत प्रसारण सुरु गरेको छ। एक कार्यक्रमका विच आज उद्धघाटन भयो।



आवाज विहीनहरुको आवाज लाई वुलन्द गर्ने उद्घोषका साथ गण्डकी प्रदेशको पोखराबाट टेलिभीजनले आफ्ना नियामीत प्रसारण गरेको छ। कार्यक्रमका प्रमुख अतिथी गण्डकी प्रदेश प्रमुख पृथ्वीमान् गुरुङले यो टेलिभीजनले मानव अधिकार र लोकतन्त्रको रक्षा गर्दै अगाडी वढ्नु पर्ने बताउनु भयो। उहाँले भन्नु भयो नेपालको राजनीतीमा संचार क्षेत्रले पुराएको योग्दान अविष्मरणीय रहेको उल्लेख गर्नु भयो।

रेडीयो नेपालबाट सुरु भयो नेपालको मिडिया क्षेत्र अहिले आम नेपालीको अधिकार सुनिष्चीत गर्ने काममा निकै अगाडी रहेको बताउनु भयो। सताको विरोध गर्दै जनताको पक्षमा ओकालत गर्नु पर्ने वताउनु भयो। यो सिटी वान टेलीभीजनले मिडियाको प्रतिष्पर्दामा आफुलाई अव्वल ठहराउनु पर्ने चुनौती थपीएको भन्दै नेता तथा सरकारको चाटुक्कारक तर्फ मिडिया लाग्न नहुने बताउनु भयो।

विशेष अतिथी नेकपा एमालेका केन्द्रीय सदस्य खगराज अधिकारीले गण्डकी प्रदेशमा जो नेता भए पनि केन्द्रमा हस्तक्षप

बाँकी अन्तिम पृष्ठमा ▶▶



# रोट्र्याक्ट क्लवमा महाभारत र रामायनको चर्चा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ मंसिर**

रोट्र्याक्ट कल्व अफ पोखरा युनिभर्सिटी, रोट्र्याक्ट कल्व अफ पर्वत पोखरा र सोच समूह पोखराको संयुक्त आयोजनामा "महाभारता,रामायना र सकारात्मक विषयमा अन्तरक्रिया हालै सम्पन्न भयो ।

राष्ट्रिय सभाको अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले कार्यक्रमको उद्घाटन गर्दै जीवनमा खुशी हुन सवैभन्दा पहिला सकारात्मक सोच हुनु जरुरी रहेको भने । कार्यक्रममा अन्तिम गुरुङ र कन्चन पाण्डेले महाभारत र रामायनको सकारात्मक विषयका वारे प्रश्न उत्तरवाट दर्शकलाइ मन्त्रमुग्ध पारेका थिए ।



(रोट्र्याक्ट कल्व अफ पोखरा युनिभर्सिटीका संस्थापक अध्यक्ष नवीन रजौरेको अध्यक्षतमा भएको कार्यक्रममा गण्डकी प्रदेशका सभासर ललित कला गुरुङ, पोखरा विश्वविद्यालयका स्वास्थ्य विज्ञान संकायका डिन डा. अमर नागिला, पोखरा विश्वविद्यालयका विद्यार्थी कल्याणकारी तथा अतिरिक्त क्रियाकलापका निर्देशक माधवप्रसाद पौडेल, जोन १६ का एजि तथा विकासप्रेमी सन्तोष पोख्रेल, रोटरी क्लव अफ पर्वतका संस्थापक अध्यक्ष विश्व प्रकास प्रसाई, सोच समुहका सल्लाहकार अशोप पालिखे, रोट्र्याक्ट क्लव अफ पोखरा युनिभर्सिटी उपसभापति राहित दाहाल र सोच समुहका सुनिल पराजुलील लगायतले वोलेका थिए ।

# 'लैङ्गिक हिंसा अन्त्यका लागि एकताबद्ध हुनु पर्नेमा जोड'

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ मंसिर**

मुलुकमा हुने लैंङ्गिक हिंसाका घटनाको अन्त्य गरि सभ्य समाज निर्माणका लागि सबै एकतावद्ध भएर लाग्नुको विकल्प नरहेको एक कार्यक्रमका बक्ताहरुले जोड दिइएका छन् ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल गण्डकी प्रदेश, कास्की जिल्ला र पोखरा महानगरद्धारा संयुक्त रुपमा पोखरा महानगरपालिका वडा नं. २४ कास्कीकोटमा आयोजित लैंगिक हिंसा बिरुद्धको १६ दिने राष्ट्रिय अभियान कार्यक्रमका बक्ताले हिंसा अन्त्यका गर्न सामुहिक खाँचो औल्याएको हुन । गण्डकी प्रदेश सभा सदस्य भित्रकुमारी गुरुङले कार्यक्रमको उद्घाटन गर्दै सामुदायिक वन उपभोक्ता महासंघले महिला र पुरुष बीच समानताका लागि



महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो । प्रत्येक व्यक्तिका मनबाट हिंसा गर्दिन भन्ने भाग जागृत हुने पर्ने आवश्यकता औल्याउँदै उहाँले अभियानले लैंगिक हिंसा न्युनीकरणको लागि आवश्यक नीति नियमहरुको तर्जुमा गर्न वा बिद्यमान नीति नियमहरुको पुनरावलोकन गर्न समेत सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो । सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य हरि बास्तोला र सरिता कुमालले मुलुकबाट सवै खाले हिंसाको बाधक बनेको गरिबी र पछौटेपनको अन्त्य हुनु पर्नेमा जोड दिनुभयो । पोखरा महानगरपालिका वडा नं. २४ का वडाअध्यक्ष ओमप्रसाद सुवेदीले आर्थिक, धार्मिक, संस्कृतिक, लगायतका कारण समाजमा बढी महिला हिंसा हुने गरेको बताउँनुभयो । सामुदायिक वन उपभोक्ता महासंघ गण्डकी प्रदेश अक्ष्यक्ष कालिदास सुवेदीले सामुदायिक वनको संरक्षण, सम्वर्द्धनमा स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनु पर्नेमा जोड दिनुभयो । स्थानीय महासंघका अध्यक्ष इन्दिरा सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगर कार्यपालिका सदस्य सन्तु सुवेदी, सामुदायिक वन उपभोक्ता महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछाने, सचिव पार्वती सुवेदी लगायतले १६ दिने अभियानका बारेमा चर्चा गर्नुभएको थियो ।

"घरबाटै शुरु गरौं, महिला हिंसा अन्त्य गरौं" भन्ने यस बर्षको नाराका साथ आयोजित कार्यक्रममा सो क्षेत्रका एक दर्शन भन्दा बढी वन समुहका उपभोक्ताको सहभागिता रहेको थियो ।

# चितेपानी फाउन्डेशनद्वारा आमा समूहलाई मौरीसहित २८ घार वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ मंसिर**

कास्कीको मादी गाउँपालिका-५ चितेपानी देउराली आमा समूहलाई चितेपानी फाउन्डेसनले मौरीसहितको २८ घार वितरण गरेको छ ।

चितेपानी गाउँको विकासका लागि सो क्षेत्रका महिला तथा युवाहरुलाई आयआर्जन लक्षित कार्यक्रम गरेर आत्मनिर्भर बनाउने उद्देश्यले स्थापना भएको फाउन्डेसनले पछिल्लो समय कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर कार्यक्रम गर्दै आएको अध्यक्ष टीकाराम सापकोटाले जानकारी दिनुभयो । 'हामीले लामो समयदेखि गाउँको विकासलाई जोड दिँदै आएका छौं, आफू जन्मेको ठाउँमा केही गर्नुपर्छ भन्ने उद्देश्यले आठ वर्षअघि विधिवत्‌रूपमा फाउन्डेसन स्थापना गरेर निरन्तर आयआर्जन र सीपमूलक तालिमहरुमा युवा तथा महिला समूहलाई सहभागी गराउँदै आएका छौं', उहाँले भन्नुभयो ।

उहाँले सानासाना कुराबाट पनि स्थानीयवासीको जीवनस्तरमा परिवर्तन ल्याउने सकिने भन्दै फाउन्डेसनले सोहीअनुरुप कार्यक्रम गर्दै आएको बताउनुभयो । उहाँका अनुसार मौरी विज्ञ सूर्य लामिछानेबाट आमा समूलाई दुई दिनको तालिम प्रदान गरेर मौरीसहितको घार वितरण गरिएको हो । 'हामीले टोपी र अन्य आवश्यक सामग्रीसहित रु १० हजार ७०० पर्ने मौरीसहितको घारलाई रु तीन हजार लिएर वितरण गरेका हौं, आफ्नो पनि लगानी परेपछि उहाँहरुले त्यसको संरक्षण र उत्पादनमा पनि बढी चासो दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ', उहाँले भन्नुभयो । उहाँले कुनै पनि कुरा निःशुल्क मात्रभन्दा त्यसको महत्व अलि कम भएको पाएपछि केही शुल्क लिएर वितरण गरेको बताउनुभयो । आमा समूहका अध्यक्ष सावित्रा सापकोटाले फाउन्डेसनले मौरीपालन तालिमसहित वितरण गरेको घारबाट आयआर्जन गर्न आफूहरु उत्साहित भएको बताउनुभयो । 'स्वास्थ्यका लागि निकै राम्रो मानिने मह र मौरीका बारेमा बल्ल राम्रोसँग थाहा पायौं, अब व्यावसायिकरूपमै आयआर्जनको बाटो बनाउने ऊर्जा मिलेको छ', सापकोटाले भन्नुभयो । मौरी विज्ञ लामिछानेका अनुसार मौरी गोला (नयाँ रानो उत्पादन)विभाजन गरेको चार महिनादेखि उत्पादन दिन सुरु गर्छ । एउटा घारमा १० वटा फ्रेम हुन्छन् भने एउटा घारबाट एक वर्षमा १५/१६ केजी मह उत्पादन हुन्छ । एक केजी मह गाउँघरमा रु एक हजार २०० मा बिक्री हुने गरेको छ भने बजारमा रु एक हजार ५०० केजीमा बिक्री हुन्छ । माग अत्यधिक भए पनि सोअनुसार उत्पादन हुन नसकेको र किरा पालेर हिरा बनाउन सक्ने स्रोत प्रशस्त भए पनि किसानले अझै यसको महत्व बुझ्न नसकेको उहाँले भनाइ छ ।

# ३१५ जनामा संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, २१ मंसिर**

पछिल्लो २४ घण्टामा थप ३१५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार ११ हजार ८१० जनाको कोरोना परीक्षण गरिएको थियो । योसँगै सक्रिय सङ्क्रमित सङ्ख्या नेपालमा ६ हजार ३५२ पुगेको छ । पछिल्लो २४ घण्टामा ३०४ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । योसँगै निको हुनेको सङ्ख्या आठ लाख पाँच हजार २०५ पुगेको छ । निको हुने दर ९७.८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर छन् । दुई सयभन्दा बढी सङ्क्रमित भएका जिल्लामा सुनसरी, भक्तपुर, कास्की, पूर्व नवलपरासी, बाँके र कैलाली छन् । यस्तै शून्य सङ्क्रमित भएका जिल्लामा मनाङ, मुस्ताङ, डोल्पा, हुम्ला, सल्यान र मुगु छन् । नेपालमा सङ्क्रमण दर १७.६ प्रतिशत रहेको छ । हाल होम आइसोलेशनमा ६ हजार १३, संस्थागत आइसोलेशनमा ३३९, आइसियुमा १२३ र भेन्टिलेटरमा ३० जनाको उपचार हुँदैछ ।

## सक्रिय...

विद्यालय अर्न्तगतको पाठ्यक्रम तयार गर्ने र आउने नयाँ शैक्षिक सत्रबाट ऐच्छिक विषयको रुपमा विद्यालयमा लैजाने प्रतिष्ठानको तयारी हो । यसैगरी पौष महिनामानै पञ्चेबाजा प्रशिक्षण कार्यक्रम गर्ने तय भएको छ । तीन महिना सम्म चल्ने यो कार्यक्रम जिआइटीसँग मिलेर गर्न लागिएको हो ।

सहभागीले सिटिभिटिको प्रमाणपत्र र एकथान पञ्चेबाजा पाउनेछन् । एउटा समुहमा ५ जना रहनेछन् । पौष महिनाको दोस्रो हप्ता म्याग्दिमा कवि गोष्ठीको आयोजना हुनेछ । गोष्ठिमा सहभागी कविले आफ्नो रचना सुनाउनेछन् भने कार्यपत्र समेत प्रस्तुत गरिनेछ । गण्डकी प्रज्ञा प्रतिष्ठानले साहित्यका सबै विधालाई महत्वका साथ स्थान दिँदै यिनको संरक्षण तथा प्रवर्द्धन गर्न प्रतिष्ठान सधैं क्रियाशिल बन्ने कुलपति सुर्य खड्का विखर्चीले बताउनुभयो । 'गण्डकी प्रदेशका भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, संगीतको अध्ययन अनुसन्धान र सम्वर्द्धनका लागि निरन्तर कार्य गर्नेछौं' कुलपति विखर्चीले भन्नुभयो । यहीं मंसिर २९ गते प्राज्ञ सभा बैठक बस्ने र बैठकबाट आयोजना गरिसकेको कार्यक्रमको समिक्षा तथा अब आयोजना हुने कार्यक्रमलाई थप प्रभावकारी बनाउन केही निर्णय गरिने उपकुलपति गोरे गुरुङले जानकारी दिनुभयो ।

## सिटी...

हुनेगरी राजनीती गर्न अनुरोध गर्नु भयो । पुर्व स्वाथ्य मन्त्री समेत रहेका अधिकारीले आम नागरीकको स्वतन्त्रताको लागी पनि मिडियाले ठुलो भुमीका रहेको भन्दै पछिल्लो समय न्यायलयमा रवैया देखिएको प्रति आपती जनाउनु भएको थियो ।

टेलीभीजनका अध्क्षय पवन प्रजापतीले यो कोरोना कहरका विचमा पनि टेलिभीजन संचालन गर्नु आफैमा चुनौती रहेको भन्दै दुर दराजका आवाज विहीनहरुको आवाजलाई आम दर्शक माझ ल्याउन यो टेलिभीजन संचालन गरेको बताउनु भयो । सिटीवान टेलीभिजनले आफ्ना कार्यक्रमहरु विभीन्न सामाजीक संजाल तथा मोवाइल एप , वेभसाइड मार्फत हेर्न सकिने टेलीभीजनका प्रवन्ध निर्देशक अनिषा श्रेष्ठले जानकारी दिनु भयो ।

कार्यक्रममा पत्रकार पोखराका विभीन्न उद्योग व्यवसायी , सामाजीक अगुवाहरु लगाएतको उपस्थीती रहेको थियो ।


## कर्मचारी आवश्यकता

**पद** : रिसेप्सनिष्ट (महिला)

**शैक्षिक योग्यता**: व्यवस्थापनमा १२ पास वा सो सरह ।

**अनुभव**: कम्प्युटर चलाउन सक्ने, अनुभवी तथा स्थानीयलाई विशेष ग्राह्यता दिइनेछ ।

**उमेर**: १८ वर्ष पुरा भै ३० वर्ष ननाघेको ।

**दरखास्त पेश गर्ने अन्तिम मिति**: यो सूचना प्रकाशित भएका मितिले ७ दिन अफिस समय दिनको ४ बजेभित्र ।

**परीक्षाको किसिम**: लिखित वा अन्तर्वाता वा दुवै ।

**परीक्षाको मिति**: यो सूचना प्रकाशित भएको ८औं दिन कार्यालयको सूचना पाटीमा टाँस गरिने छ ।

**पेश गर्नुपर्ने कागजातहरु**: हस्तलिखित निवेदनका साथ नागरिकता, शैक्षिक प्रमाणपत्रहरु, अनुभव तालिमका प्रमाणहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

**पदपुर्ति उपसमिति**
**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-१३, बाँझापाटन**
**फोन नं. ०६१-५३३८११ मोवाईल नं. ९८५६०६६८११**



## कर्मचारी आवश्यकता

**यस देवशिल्पी बचत तथा ऋण सहकारी संस्था लि.लाई तपशिल बमोजिमको कर्मचारी आवश्यक भएकोले इच्छुक नेपाली नागरिकले यस संस्थामा आवश्यक कागजपत्र सहित मिति २०७८/०८/२६ गतेसम्म दरखास्त आव्हान गरिन्छ ।**

**पद : बजार प्रतिनिधि**
**योग्यता : +2 Pass उत्तीर्ण गरेको**
**संख्या : केही**
**सुविधा : संस्थाको नियम अनुसार**
**परीक्षाको किसिम : अन्तरवार्ता**

**नोट: लाइसेन्स र आफ्नो साधान भएकोलाई विशेष प्राथमिकता दिइने छ ।**

**सम्पर्क:**
**देवशिल्पी बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-१०, बुद्धचोक**
**फोन: ०६१-४३०२४८, ९८५६०३६१७८, ९८४६८७७१४७**



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

**नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।**




## कपाल, छाला तथा यौन रोगको उपचार

**यही मिति २०७८ मंसिर २५ गते शनिबार**

काठमाडौं ग्र्यान्ड हस्पिटलमा कार्यरत विशेषज्ञ **डा. कमल राज घिमाल कपाल, छाला तथा यौन रोग विशेषज्ञ** यस आरोग्य फार्मेसीमा आउनुहुने भएकोले निम्न समस्या भएका बिरामीहरुले सम्पर्क राख्नुहोला ।

**परीक्षण तथा उपचार गरिने रोगहरु :-**

**कपाल** कपाल झरेको, उमेर अगाडि नै टाउकाको अगाडिको भागमा कपाल नभएको, झरेको, कपालमा टाटु परेको, कपालका कुनै पनि समस्या भएका, कुनै रोगका कारण कपाल झरेका, ज्वरो, टाइफाइड, कोभिड आदि कपाल उमार्न, लामो बनाउन, कपाल रोप्न तथा कपाल लामो र बाक्लो बनाउन चाहनु हुने बिरामीहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।



**छाला रोग** कालो पोतो, डण्डीफोर, अनुहारमा हुने दागहरु चिलाउने, दुवी, सोरायसिस, नयाँ पुराना छालाका कुनै पनि रोगहरु भएका बिरामीहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

**यौन** यौन रोग तथा समस्या, यौन इच्छा हुने तर कमजोर हुने, कुनै पनि यौन सम्बन्धी समस्या भएका बिरामीहरुले सम्पर्क राख्नुहोला ।

**बिरामी परीक्षण**: बिहान ९ बजेबाट ५ बजेसम्म फोनबाट पनि नाम दर्ता गराउन सकिनेछ ।

**सम्पर्क: आरोग्य फार्मेसी**
पोखरा-१०, इन्द्रचोक, पोखरा, रंगशाला नजिकै
फोन नं.: ०६१-४३०४०७, ९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# वारको हारगुहार

नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले प्रधानन्यायाधीशलाई हटाउन थालिएको आन्दोलनलाई पुर्ण बनाउन सुझाव दिएका छन। नेपाल वार एसोसिएसनले प्रधानन्यायाधीश चोलेन्द्र शम्सेर जवरा हटाउने आन्दोलनमा विपक्षी दलको सहयोग खोजेको छ। डेढ महिनादेखि जारी वारको आन्दोलन सफल हुन महाअभियोग लगाउनुपर्छ । सत्तारूढ दलका शिर्ष नेता एक नभएसम्म महाअभियोग दर्ता हुन सक्दैन । पारित हुन एमालेको सहयोग चाहिन्छ । एमाले सरकार ढालेर कांग्रेस सभापति शेर बहादुर देउवालाई प्रधानमन्त्री बनाउन महत्त्वपूर्ण भुमिका खेलेका बरिष्ठ अधिवक्तादेखि वार नेतृत्व ओलीसंग जानू अर्थपूर्ण छ ।

प्रधानन्यायाधीश चोलेन्द्र शमसेर जबरालाई हटाएपछि आफ्नो सरकारको पालाका भएका संवैधानिक नियुक्तिहरू खारेज गर्ने लगायतका विषयमा सेटिङ मिलाएर आन्दोलन भएको आशंका छ। प्रधानन्यायाधीश चोलेन्द्र हटाएर के-के गर्ने भन्ने तय भइसकेको भन्दै ओलीले आफू व्यक्तिको पछि नलाग्ने स्पष्ट पारेका छन। बार पदाधिकारी र वरिष्ठ अधिवक्ताहरूसँगको छलफलमा ओलीले असार २८ को परमादेशदेखि नै सेटिङ भएको र अहिले आफू अनुकूल प्रधानन्यायाधीश बनाएर मुद्दाहरू मिलाउन खोजिएको आशंका गर्नु अस्वभाविक होइन। बारको माग न्यायपालिका सुधारको लागि २० प्रतिशतमात्र रहेको भन्दै १०० पुर्याएर ल्याउन सुझाव दिएका छन । परमादेश जारी गर्ने पाँचै न्यायाधीशविरुद्ध महाअभियोगको माग ल्याउनुपर्ने बुझिन्छ।

ओलीले प्रधानन्यायधीश चोलेन्द्रशमशेर जबराको राजीनामा मागिरहेको नेपाल बारलाई अदालत सुधारका सबै विषय उठाएर अघि बढ्न आग्रह छ। जननिर्वाचित सरकार हटाउने आदेश दिनु संविधानविपरीत भएको भन्दै ती विषय पनि उठाउनुपर्ने मत ओलीको छ । न्यायाधीश हटाई हटाई अर्का न्यायाधीश राखेर तिम्रो पक्षमा फैसला पार्देको गुन तिर्नु पर्दैन ? भन्ने बरिस्ठ अधिवक्ता र संविधानबाहिर गएर केपी ओलीलाई हटाउनुर्पयो भन्ने न्यायाधीशको भनाइले शंका गर्ने ठाउँ दिएको छ।

अबका मुद्दा के के गर्ने र ?, कसलाई राजीनामा गराउने ? त्यसपछि त्यो बेला भएका नियुक्ति यसो-यसो गर्ने भनेर बसेको होइन ? सेटिङ के-के कुरामा थियो । कुन-कुन वस्तुका लागि लेनदेन भएका थिए भन्ने खुल्दै जान थालेको छ । न्यायालय सुधारका कुरामा कसैको आपत्ति छैन । न्याय पाउने स्थिति बनाउनुपर्छ तर कति भने जहाँ कमी छ त्यो कमी त हटाउनुपर्छ । न्यायालय सुधारका लागि उठाएका कुरालाई पूर्णता दिन सकेमा मात्र वारको आन्दोलन न्यायको पक्षमा हुनेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : मानसिक तनाब |
| कर्कट | : शारीरिक झमेला | मकर | : आर्थिक समस्या |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# शिव पलाँसका गीत पुस्तकमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ मंसिर**

माया गर्नुको अर्थ, आगो भन्ने जान्दाजान्दै, गन्दै जाँदा पिरतीमाजस्ता लोकप्रिय गीतका सर्जक शिव पलाँसको 'गीति सङ्ग्रह' बजारमा आएको छ।

'अनेसास शब्द सारथि' कार्यक्रमबाट कृति सार्वजनिक गरिएको हो । कार्यक्रममा अग्रज गीतकार, समालोचक डा कृष्णहरि बरालले पलाँसका गीतमा रुपक, अलङ्कार, बिम्ब, प्रतीक, सँगसँगै कला र शिल्पको लोभलाग्दो तालमेल भएको उल्लेख गर्नुभयो।

कृतिमा विभिन्न सर्वकालिक गीतको भाव रहेको बताउँदै उहाँले पलाँस महत्वपूर्ण गीतकारका रूपमा स्थापित भएका छन् । उनका गीतमा प्रेम, मिलन, विछोड, देशभक्ति, समाजको चित्रण त छँदै छ, विसङ्गत जीवनदृष्टिसमेत आएको पाइन्छ । साहित्यकार डा ऋषि बस्ताकोटीले पलाँसका गीत पढ्दा नै गीत भएको महसुस गराउने, लय र अन्तर्ध्वनि समाहित भएको उल्लेख गर्दै पलाँसका कतिपय गीत दिमाग खल्बल्याउने र मुटु झस्काउने खालका भएको टिप्पणी गर्नुभयो।

अर्का साहित्यकार रमेश पौडेलले आफूले पहिला माया गर्नुको अर्थ गीतलाई चिनेको र पछिमात्र गीतकारसँग परिचित भएको सुनाउनुभयो । गीतकार हरिहर तिमिल्सिनाले पलाँसका गीत फरक खालका भएको तर्क गर्दै गीतहरू सुन्ने खालका होइनन्, हेर्ने खालका पनि होइनन्, यी त महसुस गर्ने खालका हुनु पर्दछ। कार्यक्रममा नम्रता गुरागाईं, डा चिरञ्जीवी भट्टराई, राजेन्द्र श्रेष्ठ, सर्वज्ञ वाग्ले, रोहिणी शर्मा, ईश्वर देवकोटा, सरस्वती श्रेष्ठ 'सरू', लक्ष्मी थापा, विमल गौतमलगायतले गीतकार पलाँसका रोज्जा गीत सुनाउनुभएको थियो । कृतिमा ती गीतसहित ८१ गीत समावेश छन्। आवरण प्रकाशनबाट निस्किएको कृति वितरण पाल्पा बुक्स काठमाडौंले गरेको छ।

# चार महिनामा ३४ लाखको टिकट बिक्री

**पोखरापत्र संवाददाता**
**दमौली, २१ मंसिर**

जिल्ला हुलाक कार्यालयले चार महिनाका अवधिमा झण्डै चौतिस लाख बराबरको हुलाक टिकट बिक्री गरेको छ । गत साउनदेखि गत कात्तिक मसान्तसम्मका अवधिमा रु ३३ लाख ८३ हजार ८२० को टिकट बिक्री गरेको छ।

कूल टिकट ६ लाख ६० हजार ८५० टिकट बिक्री गर्दा उक्त राजस्व सङ्कलन भएको कार्यालयका हुलाक अधिकृत मित्रलाल भट्टराइले जानकारी दिनुभयो । साउन महिनामा रु सात लाख ३९ हजार ७७५ भदौमा रु पाँच लाख ७६ हजार ४९५,असोजमा रु एघार लाख २४ हजार १७५ र कात्तिकमा रु नौ लाख ५३ हजार ३७५ राजस्व सङ्कलन भएको हो।

कार्यालयले अभिलेख राखेर सङ्घ संस्था र व्यक्तिलाई कार्यालयबाट नै टिकट बिक्री गर्न थालेको उहाँले बताउनुभयो । हुलाक टिकट राजस्व सङ्केत भएकोले निर्धारण गरिएको मूल्य भन्दा घटिबढीमा बिक्री गर्न मिल्दैन् । उहाँले भन्नुभयो, "हुलाक टिकटमा तोकिएको मूल्य भन्दा बढी मूल्यमा बिक्री गर्न थालिएको पाइएकोले कार्यालयबाट व्यवस्थित तरिकाले टिकट बिक्री गर्न थालेको हो।" विभिन्न सङ्घ संस्था, बीमा कम्पनी, लेखापढी कानुन व्यवसायी, बैकलगायतका कार्यालयले कार्यालयमै आएर टिकट लैजाने गरेको उहाँले बताउनुभयो । केवल, टिभी, पत्रपत्रिका, एफएमलगायतका संञ्चारमाध्यमको दर्ता तथा नवीकरणको कार्य गर्दै आएको सो कार्यालयले पछिल्लो समय डाँक सेवालाई व्यवस्थित गर्न लागेको निमित्त हुलाक अधिकृत कुमारसिंह लामाले जानकारी दिनुभयो । सूचना र प्रविधि, स्रोतसाधान र जनचाहनाअनुरुप सेवा दिन स्रोतसाधान कमी भएका कारण ढिलाइ हुन गएकोले सेवामा छिटोछरितो ल्याउन पहल गरिएको उहाँले बताउनुभयो। सत्र जिल्लाको लागि प्रदेश हुलाक कार्यालयले व्यवसायीसँग डाँकको लागि सम्झौता गरे पनि सम्झौता अनुरुपको कार्य नहुँदा सेवा प्रदानमा कठिनाइ भएको सो कार्यालयले जनाएको छ । पछिल्लो समय हप्तादेखि पन्ध्र दिनको अवधिमा आफ्नै डाँक सेवाबाट हुलाक कार्यालयमा पुगेर डाँक उठाउन थालिएको निमित्त हुलाक अधिकृत लामाले बताउनुभयो।

# केरा आयातमा रोक लगाउन माग

**रासस**
**काठमाडौं, २१ मंसिर**

केरा किसान तथा व्यवसायीले केरा आयातमा रोक लगाउन सरकारसँग माग गरेका छन्। नेपालका किसानलाई धरासायी हुनबाट जोगाउन १३ व्यवसायिक केरा उत्पादक सङ्घले आज काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा सो कुरामा जोड दिएका हुन्।

उनीहरुले कैलाली, कञ्चनपुरलगायत जिल्लालाई केरा जोन तथा चितवनलाई सुपर जोन बनाउनु पर्ने र कृषि कर्जाको अवधि पाँच वर्षबाट बढाएर १० वर्ष पुऱ्याउनुपर्ने माग पनि गरे । हाल भारतबाट आयातित केराको भन्सार मूल्य समय सापेक्ष नभएकाले त्यसलाई संशोधन गरिनुपर्ने र काँचो केराको मूल्य तथा चिस्यान केन्द्रमा पकाएको केराको मूल्यमा फरक भन्सार दर कायम हुनुपर्ने उनीहरूको सुझाव थियो। केरा महासङ्घ नेपाल, तदर्थ समिति अध्यक्ष विष्णुहरि पन्थले केरा आयातमा लगाउँदै आएको भन्सार दर कम्तीमा १५ प्रतिशत तथा अग्रिम आयाकर १० प्रतिशत कायम गरिनुपर्ने र केरालाई डम्पिङ गर्ने परिपाटी अन्त्य गरिनुपर्ने बताउनुभयो । राष्ट्रिय किसान समूह महासङ्घ नेपालका अध्यक्ष नवराज बस्नेतले नेपाली फर्मबाट बिलबिजक जारी गरी भन्सार र व्यापारीबीच हुने आर्थिक चलखेल तत्काल बन्द गर्नुपर्ने बताउनुभयो।

नेपाली किसानले प्रतिवर्ष १० लाख मेट्रिकटन केरा उत्पादन गर्ने गरेकामा छ लाख मेट्रिकटन अपुग छ । माग पूरा गर्न महासङ्घले सुकुम्बासी किसानलाई १५ लाख हेक्टर बगरको जग्गा उपलब्ध गराउन सरकारसँग माग गरेको छ।

# कांग्रेसको प्रदेश अधिवेशन र लोकसेवाको परीक्षाले राहत

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ मंसिर**

नेपाली कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत भएको गण्डकी प्रदेश अधिवेशन र लोकसेवा आयोगका विभिन्न परीक्षाका कारण पछिल्लो हप्ता पोखराको पर्यटनमा राहत मिलेको छ।

कोरोना कहरका कारण प्रभावित भइरहेको पोखराको पर्यटनलाई आन्तरिक पर्यटनले केही मात्रामा भए पनि भरथेग गरिरहेको अवस्थामा कांग्रेसको प्रदेश अधिवेशनमा आएका एघार सय भन्दा बढी प्रतिनिधिसँगै पर्यवेक्षक तथा कांग्रेसी कार्यकर्ता र लोकसेवाका विभिन्न पदका लागि परीक्षा दिन आएका परीक्षर्थीका कारण पछिल्लो हप्ता पोखराका होटेल भरिएका थिए। कांग्रेसको अधिवेशनमा एघार सय प्रतिनिधिका लागि लेकसाइडका होटेलमा बस्ने व्यवस्था मिलाइएको थियो। प्रतिनिधिसँगै सङ्घीय संरचनाअनुसार पहिलो पटक भएको अधिवेशन हेर्न ठूलै सङ्ख्यामा जिल्ला-जिल्लाबाट आएका पर्यवेक्षक एवं कार्यकर्ताले पोखरा भरिएको थियो । कांग्रेस अधिवेशन र लोकसेवाको परीक्षाले यहाँका होटेल व्यवसायीलाई ठूलै राहत पुगेको पश्चिमाञ्चल होटेल सङ्घ(हान) पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार अधिवेशन र परीक्षाका कारण पछिल्लो हप्ता साना तथा मझौला होटेलको क्षमताको ७० देखि ८० प्रतिशतसम्म भरिएका थिए।

# दुई सरकारी कार्यालयलाई कारण देखाउन आदेश

**पोखरापत्र संवाददाता**
**बागलुङ, २१ मंसिर**

द्वन्द्वपीडितको उजुरी दर्ता नगरेको विषयलाई लिएर उच्च अदालत पोखरा, बागलुङ इजलासले दुई सरकारी कार्यालयलाई कारण देखाऊ आदेश जारी गरेको छ।

अदालतले सरकारी वकिल कार्यालय र जिल्ला प्रहरी कार्यालय बागलुङलाई कारण देखाउन आदेश दिएको हो । जाहेरी दर्ता गर्न नपर्ने आधार, कारण र प्रमाणसहित १५ दिनभित्र लिखित जवाफ पेश गर्न उच्चले आदेश दिएको हो।

द्वन्द्वकालमा आफ्ना परिवारका सदस्य बेपत्ता पार्नेलाई कारबाहीको माग गर्दै बागलुङको गलकोट नगरपालिका-२ की छमकुमारी बस्नेत र जैमिनी नगरपालिका-१० राङ्खानीका विमलबहादुर केसीले गत भदौ ४ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा जाहेरी दिनुभएको थियो।

प्रहरीले जाहेरी दर्ता नगरेपछि जिल्ला सरकारी वकिलको कार्यालयमा जाहेरी दर्ताका लागि पत्रचार गरिदिन माग गर्दै छुट्टै निवेदन दिएको र सरकारी वकिलको कार्यालयले पनि उजुरी दर्ताका लागि पत्रचार नगरिदिएपछि द्वन्द्वपीडित बस्नेत र केसीले उच्च अदालत पोखरा बागलुङ इजलासमा जिल्ला प्रहरी कार्यालय, प्रहरी प्रमुख, सरकारी वकिलको कार्यालय र कार्यालय प्रमुखलाई विपक्षी बनाएर रिट दर्ता गराउनुभएको थियो।

विसं २०५८ चैत २ गते छमकुमारी बस्नेतका पति ढकबहादुर बस्नेतलाई तत्कालीन शाही नेपाली सेनाले बेपत्ता बनाएको थियो । जैमिनी नगरपालिका-१० का ६३ वर्षीय विमलबहादुर केसीले विसं २०५८ असार ३ गते आफ्ना १३ वर्षीय नाबालक छोरा गणेश केसीलाई तत्कालीन सरकार पक्षबाट गैरकानुनीरूपमा पक्राउ गरी बेपत्ता बनाएको बताउनुभयो।

द्वन्द्वकालका घटनाहरूको उजुरी लिनका लागि सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग बनाएको भन्दै आफूले बस्नेत र केसीलाई सोही सल्लाह दिएर पठाएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक कृष्णबहादुर पाल्ली मगरले बताउनुभयो।

# अखाद्य वस्तु भेटिएपछि बेकरी उद्योगमा ताला

**पोखरापत्र संवाददाता**
**दमौली, २१ मंसिर**

तनहुँको बन्दीपुर गाउँपालिका-१ डुम्रे बजारस्थित एक बेकरी उद्योग जिल्ला प्रशासन कार्यालयले बन्द गराएको छ। सोमबार अनुगमनका क्रममा सडेगलेको र अखाद्य वस्तु प्रयोग गरेको भेटिएपछि रजनीश बेकरी उद्योग बन्द गराइएको हो।

उद्योगले व्यवसाय दर्तासमेत नगरी सडेगलेको र अखाद्य वस्तुको प्रयोग गरी बजारमा बिक्री-वितरण गरेको भेटिएपछि ताला लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । उद्योगको अनुगमन गर्दा उद्योगभित्र सडेगलेको र अखाद्य वस्तुको प्रयोग गर्ने गरिएको भेटिएको थियो।

चाडपर्वका बेला मात्र अनुगमन हुने गुनासो आएकाले प्रशासनले अन्य समयमा पनि अनुगमनलाई निरन्तरता दिएको बरालले बताउनुभयो । उहाँका अनुसार उद्योग सञ्चालकलाई प्रशासनमा उपस्थित हुन निर्देशन दिइएको छ । "अखाद्य र म्याद गुज्रिएका उपभोग्य वस्तु बिक्री हुने अवस्थालाई मध्यनजर गर्दै बजार अनुगमन निरन्तरता दिन्छौं", बरालले भन्नुभयो।

बरालको नेतृत्वको टोलीले डुम्रेबजारका मिठाइ पसल, खाद्यान्न पसल, माछामासु पसल, तरकारी पसल र बीउबिजन र दाना पसलहरूको अनुगमन गरेको थियो। अनुगमनका क्रममा दर्ता नगरी व्यवसाय सञ्चालन गरिएको, दर्ता नवीकरण नगरिएको, म्याद गुज्रिएको उपभोग्य वस्तु बिक्रीयोग्य वस्तुसँगै राखिएको, लेवल नराखिएको, बीउबिजन र विषादी पसल एउटै ठाउँमा राखी बिक्री गर्ने गरिएको, अशुद्ध तेलमा खानेकुरा पकाई बिक्री गर्ने गरिएको भेटिएको थियो।

मिठाइ पसलमा पनि सरसफाइको कमी देखिएको छ। दर्ता तथा नवीकरण नगरेका व्यवसायीहरूलाई समयमै दर्ता तथा नवीकरणका लागि आग्रह गरिएको घरेलु कार्यालयका प्रमुख नारायणप्रसाद ढकालले बताउनुभयो।

# पर्यटन प्रवर्द्धनका लागि दृश्यावलोकन स्तम्भ निर्माण

**पोखरापत्र संवाददाता**
**दमौली, २१ मंसिर**

ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित तनहुँको भिमाद नगरपालिका-५ स्थित मिछुर्लुङमा दृश्यावलोकन स्तम्भ निर्माण सुरु भएको छ। देश तथा विदेशमा रहेका नेपालीबाट सङ्कलन गरिएको रकमबाट दृश्यावलोकन स्तम्भ निर्माण सुरु भएको हो।

मिछुर्लङमा जन्मेर हाल बेलायतमा रहनुभएका महेन्द्र आलेको परिकल्पनामा दृश्यावलोकन स्तम्भ निर्माण सुरु गरिएको मिछुर्लुङ क्षेत्र विकास तथा भ्यूटावर निर्माण समितिका अध्यक्ष नरेन्द्र थापाले बताउनुभयो । भ्यूटावर निर्माणका लागि देश तथा विदेशमा रहेका नेपालीबाट रु ३० लाख सङ्कलन भएको छ। रु ३८ लाख चार हजार ९०० मा निर्माण हुने भ्यूटावरको ठेक्का साराङकोट निर्माण सेवाले पाएको छ । विसं २०७९ वैशाखभित्र भ्यूटावर निर्माण सम्पन्न गर्ने लक्ष्य छ । मिर्छुलुङ गाउँमा सञ्चालित घरबासका लागि पनि स्तम्भले सहयोग पुग्ने थापाले जानकारी दिनुभयो । स्तम्भको सोमबार शिलान्यास गर्दै भिमाद नगरपालिकाका प्रमुख मेखबहादुर थापाले यसले मिर्छुलुङको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताउनुभयो । "गाउँमा घरबास सञ्चालन छ, घरबासमा आउने पर्यटकलाई भ्यूटावरबाट प्राकृतिक दृश्यावलोकन गराउन सके यहाँको थप प्रवर्द्धन हुन्छ", उहाँले भन्नुभयो । पर्यटन प्रवर्द्धन गरी स्थानीयवासीको आयआर्जनमा वृद्धि हुनसके मात्र भ्यूटावर निर्माणको औचित्य रहेको उहाँको भनाइ छ । नेपाली कांग्रेसका जिल्ला सभापति जितप्रकाश आलेले नेपालको समृद्धिको आधार नै पर्यटन भएको बताउँदै कोभिडले थलिएको पर्यटन व्यवसाय विस्तार लयमा जान थालेकाले पूर्वाधार निर्माण हुन सुखद् रहेको बताउनुभयो । म्याग्दे गाउँपालिकाका अध्यक्ष मायादेवी रानाले मिछुर्लुङ सुन्दर बस्ती मात्र नभई मगर समुदायको संस्कृतिमा धनी गाउँसमेत भएको बताउँदै भन्नुभयो, "संस्कृति प्रदर्शन गरेर पर्यटकलाई आकर्षण गर्न सकिन्छ।" घिरिङ गाउँपालिकाका अध्यक्ष रनबहादुर रानाले भिमाद र घिरिङलाई जोडेर समग्र पर्यटन प्रवर्द्धन गर्न सहकार्य गर्ने बताउनुभयो । "गाउँबाट भागेका मनलाई गाउँमा ल्याउन आवश्यक छ, त्यसको मुख्य आधार ग्रामीण पर्यटन हो", उहाँले भन्नुभयो। नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य एवं कांग्रेस उपसभापति देवकुमार श्रेष्ठले आर्थिक समृद्धिमा निजी क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो।

# मनमुटुमा अनन्तकाल रहिरहने प्यारी हजुरआमा

शोभाकान्त सिग्देल

हरेक प्राणीलाई आफुलाई जन्मदिने जननीको अगाध माया हुन्छ । नौ महिना गर्भमा राखेर दिनरात नभनकिन सन्तानको सुख, समृद्धि र सफलताको लागि पसिना बगाउने मानव जातिको आमा र वुवाको महत्व जतिसुकै शव्दमा व्याख्या गर्न खोजे पनि अधुरो नै हुन्छ ।

सन्तानलाई आमाले जति माया, ममता र स्नेह दिन्छिन, आमाको जननी हजुरआमाबाट पनि उति नै स्नेह र ममता प्राप्त हुन्छ । हजुरआमा र हजुरवाको अगाध मायाले गर्दा नै नाति नातिनीलाइ विशेष गरी मामाको घर सवै भन्दा प्यारो हुन्छ । मेरो जीवनामा घरको हजुरआमा सँग २३ वर्ष चोलो समातेर निधाएका दिन र मामा घर बुझेर जाने भएदेखि हजुरआमाले देख्ने वित्तिकै स्नेहपूर्ण नजरवाट बर्षने मायाको बर्षामा जति नुहाएपनि धित मर्दैन । मामाको घरमा जाँदा हजुरआमाले पकाएर खुवाउनु भएको मिठा मिठा परिकार, स्नेहले भरिएको बोली बचन मन, मुटु र मस्तिष्कमा सास रहुन्जेलसम्म मिठो सम्झना बनेर बसिरहेको हुन्छ ।

हजुरबा र हजुरआमा चौकामा खान पकाउँदै मासको दालमा भैसीको घ्यु झ्वाईं । सोही बास्ना पछ्याउँदा हजुरबाको लौरो देखाइ कति रोचकता थियो । हजुरआमाले यो जेठो नातिले खाली जिस्काउँछ भनिरहँदा एक दिन दुधको डाडु समात्न पुँगे उता हजुरबाको लौरो पनि टाउकोमा भेंटे । तर त्यो लौरोको पछाडी सवै भन्दा धेरै भकारी सरी माया थियो । बास्तवमा हजुरआमा र हजुर वुवाको ममताको व्याख्या



१३ औं दिनको सन्दर्भमा

शव्दहरुमा गर्न खोजिएमा त्यो अधुरो नै हुन्छ । फेरि पनि यहाँ म हाम्री प्यारी हजुरआमाको बारेमा केहि सम्झनाका पानाहरु पल्टाउने प्रयास गर्दैछु ।

हजुरआमा नानुमाया लामिछानेको हातवाट २०७८ असोज २९ गते विजयदशमीको दिन लगाएको टिका नै जीवनमा मुटु सरी टाँसीएको छ । मेरो शरीरमा मुटु धड्कन चलिन्जेल हजुरआमाको त्यो झलझली अनुहार हरेक पल पलमा आइरहनेछ।मामाघरकोहाजुरआमा नानुमाया जेष्ठ सदस्यको निधनले मामाघरको धरती नै भास्सिएजस्तो भएको छ। २०७८ साल मंसिर १० गते दिउँसो सवैको प्यारो कान्छो मामा बुद्धिराज लामिछानेले भान्जा बर्बाद भएछनि हजुरआमा त बेहोस हुनु भएछ । मामाको बोलीले बेहोस मात्र हैन मेरो जीवनमा मामा घर न जन्म घर जेठो नाति भनेर सम्बोधनबाट टुहुरो भएको महशुस हुन थाल्यो । उनै हजुरआमा सँग दशैको टिका लगाएर अर्घौ घरवाट पोखराको एयरपोर्टमा सगै लगेर विरौटा निवासी गणेश पौडेल सरलाइ जहाज चडाउन र ओराल्न सहयोगको लागि प्यारो डाइनमिक भाइ निरोज र मैले अनुरोध गरियो । हाम्रो अनुरोधलाइ पौडेल जोडीले सहज रुपमा स्विकार गरेपछि हजुरआमालाइ बाइबाइ भन्दै शुभयात्राको शब्द सँगै हजुरआमाले हुन्छ बाबु भन्ने दुइ शब्द नै मलाइ सदैव मामाघरको पर्यावाची बन्न पुग्यो । म मात्र होइन हजुरआमालाइ माझठान देखी हाल बसोवास गर्दै आउनु भएको अर्घौ घर वरिपरिका आफन्तले उहाँ जस्तो शितल शान्त मिठो वोली भएका व्यक्ति आज सम्म कोही पनि नभेटेको बताउँछन् । मानव जीवनको शुरुवातसंगै एउटा ध्रुर्वसत्यता पनि संगै हुन्छ त्यो हो मृत्यु । मृत्युले टपक्क टिपेर लगेपछि उनको गुण संझनामा मात्रा रहन्छ । जन्मेपछि जीवन छोटो वा लामो होला तर सवैको अन्त्य निश्चित छ। जीवन चउरेली पिङको पिर्का जस्तै हो । पिर्का कहिले माथी कहिले तल भए झै ढीलो चाँडो यो संसारबाट अवश्य पनि छुट्टिन पर्छ ।

जीवनको जीउने क्रममा कसको मृत्यु कसरी हुन्छ ? भनेर आज सम्म कसैले पनि भन्न सकेको छैन । मानीसको मृत्यु पश्चात हरेकमा केही न केही उल्लेखनीय छाप छाडेर गएको पाइन्छ । जहाँ लामिछाने परिवार र हामी अफन्त विच नानुमाया हजुरआमाको सालीन व्यवहार र वोलीले हामी सवैको जीवनमा सदा घुमिरहने र नविर्सने छाप टाँसीएको छ । हजुरआमा आफन्तसँग मात्र नभइ टोलमा पनि सवैसँग मिलेर बस्नु भएको थियो । हजुरआमा म जीवनमा जति पटक भेट हुनु भयो हरेक भेट मेरा जीवनको लागि सदैव स्मरणीय क्षण बनेको छ भने उहाँको बचन मेरो लागि मार्गदर्शन भइरहेको छ । मिठो वचन र सहज व्यवहारले आज पनि हजुरआमाको शरीर हामी विच नभएपनि उहाँको व्यवहार मलाई मात्र होइन समग्र माझठान वासीले विर्सन सक्दैन । बुद्धिसागर आचार्य र पार्वती आचार्यको कोखवाट विस. १९९० साल जेठ ८ गते काहुँमा जन्मनु भएको हो हजुरआमा । माझठान निवासी शर्दाखर लामिछाने सँग २००५ सालमा विवाह भएको थियो । घरमा कोही आयोकी बाबु के पिउने के खाने । बसेको दुई मिनेट हुदैन एउटा रोज्नै पर्ने । केही न केही नखाइ कहिले पनि पर्खन नपाइने । विशेष गरी दशैमा मामाघर बेलुका पुगिन्थ्यो । बेलुका भएपनि हजुरआमाले जेठो नाति आए सिता त्यो पोकेका काँक्रो ल्याउ त भन्नु हुन्थ्यो ।

त्यस्ता बाक्य अव मेरा लागि सपनामा मात्र सिमित रहने छ । त्यस्ता मादलु काँक्रा न फल्छन् न हजुरआमा देख्न पाइन्छ । अझ हजुरआमाले दिएको सानो डाडुको वीस डाडु भैसीको दुध चरेसको थालमा सप्र सप्र मुछेर खाएको दिन सम्झने मन बुझाउने । जीवन भरी सदैव माया र मिठो बोली पस्कने हजुरआमा मन, मुटु र मस्तिष्कमा बाँचिरहनु हुनेछ । उहाँ मात्र नभै उहाँका छोरा छोरी, बुहारी, छोरी ज्वाईं, नाति नातिनी, नातिनी बुहारी, नातिनी ज्वाईं र पनाति पनातीनीहरु सबै आँखामा राखे पनि नबिझाउने हुनुहुन्छ । उनै हजुरआमा लामिछानेको असामयिक तथा अकल्पनीय स्वर्गारोहण भएकोमा हामी अत्यन्तै शोक विह्वल तथा मर्माहत छौ । आज १३ औ दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

# नार्जो ब्राण्डको मोबाइल पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, २१ मंसिर

पछिल्लो समयमा युवालाई लक्षित गरी नार्जो ब्राण्डको मोबाइल पोखरामा बजारमा समेत आएको छ ।

नार्जो ब्राण्ड रियलमिले मुराका ग्रुपसंग मिलेर नेपालमा भित्राएको नार्जो सिरिज मोबाइल ब्राण्ड पोखरामा एन.टि.एस.ट्रेडस प्रा.लि.ले ल्याएको हो ।



गण्डकी क्षेत्रको आधिकारीक बिक्रेताको रुपमा मुराकार ग्रुपले एन.टि.एस ट्रेडर्स प्रालि.लाई जिम्मा दिएको छ भने यस क्षेत्रमा उक्त मोबाइलको माग अध्याधिक भएको एन.टि.एस.का प्रोपाइटर तारानाथ आचार्यले बताउनु भयो । उक्त मोबाइलको ब्याट्रि ब्याकअफ, लुक्स, क्यामरा समेत राम्रो भएको आचार्यको भनाई छ । उक्त मोबाइल ३ मोडलमा ४ वटा भेरियनमा उपलब्ध भएको आचार्यले बताउनु भयो । नयाँ पुस्ताका युवा लक्षित गरी बजारमा ल्याएको उक्त मोबाइल १३ हजार देखि २२ हजार मुल्यसम्म उपलब्ध भएको कम्पनीले जनाएको छ ।

# बलेवामा प्याराग्लाइडिङ : संरचना छ, उडान छैन

–तारानाथ आचार्य
बलेवा, २१ मंसिर (रासस)

बागलुङको बलेवामा प्याराग्लाइडिङका लागि निर्माण भएका पूर्वाधार प्रयोगविहीन भएका छन् ।

व्यावसायिक उडानका लागि गण्डकी प्रदेश सरकारले तयार पारेका संरचना प्रयोगमा आउन नसकेका छैन । बलेवा प्याराग्लाइडिङस्थल निर्माण उपभोक्ता समितिका सचिव भरत पौडेलले प्याराग्लाइडिङका लागि आवश्यक मैदान, भवन र शौचालय तयार भएको जानकारी दिनुभयो । पोखराको प्याराग्लाडिङको विकल्पका रुपमा विकास गर्ने जनाउँदै प्रदेश सरकारको तत्कालीन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यहाँ संरचना निर्माण गरेको थियो ।

मन्त्रालयको पर्यटन महाशाखाले सरोकारवालाको बैठक राखेर प्याराग्लाइडिङ सञ्चालन हुने जनाउँदै पूर्वाधार निर्माणको काम लगाएको थियो । यसपछि पश्चात् यहाँ प्याराग्लाइडिङ हुने/नहुने भन्ने विषय अन्योलमा छ । २०७५ सालमा गरिएको बलेवा महोत्सवका समयमा गरिएको परीक्षण सफल भएपछि प्याराग्लाइडिङका लागि पोखराको विकल्पमा बलेवालाई राखिएको थियो । “पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउदा विस्थापन हुने प्याराग्लाइडिङको बलेवामा व्यवस्थापन गर्न सकिन्छ भन्ने थियो,” बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेल भन्नुहुन्छ, “तर विमानस्थल सञ्चालन र पोखराबाट प्याराग्लाइडिङ विस्थापन हुने नहुने विषय नै विचाराधीन रहेकाले यहाँ तत्काल व्यवसायिक उडानको सम्भावना कम छ ।” तयार भएका संरचना निजी कम्पनीले अनुमति लिएर सुरु गर्न चाहेमा काम गर्न सकिने प्रमुख पौडेलले जानकारी दिनुभयो । बलेवामाप्याराग्लाइडिङकोसम्भावना देखेकाले नै पूर्वाधार निर्माण भएको पौडेलले बताउनुभयो ।

“पोखराको प्याराग्लाइडिङ विस्थापन नगरेरै विमानस्थल चलाउन सकिन्छ भन्ने विषयमा छलफल चलेको जानकारीमा आएका छन्,” उहाँले भन्नुभयो, “ यदि पोखरामा दुवै सम्भव हुँदा यहाँ नयाँ व्यावसायिक कम्पनीले उडान गर्न सक्छन् ।” उहाँले नागरिक उड्डयन र पर्यटन मन्त्रालयले टङ्गो लगाए बलेवामा नयाँ हिसाबले प्याराग्लाइडिङ चलाउन सकिने जानकारी दिनुभयो । यहाँ उत्तरतर्फ हावा बहन्छ, त्यसैले प्याराग्लाइडिङका लागि यो उपयुक्त भएको प्यारापाइलट बताउछन् । प्रदेश सरकारले यसअघि परीक्षण सफल भइसकेका बागलुङको बलेवा, पर्वतको बिहादी, लमजुङको राइनासकोट, स्याङ्जाको न्यौपानेडाँडा र कास्कीको अर्मलालाई विकल्पको रुपमा राखेर पूर्वाधार निर्माण गर्न बजेट विनियोजन गरेको थियो । पाँचवटै स्थानमा प्याराग्लाइडिङको व्यावसायिक उडानका लागि भने पहल भएका छैनन् ।“आइकाओको मान्यताअनुसारपोखरामाविमानस्थल सञ्चालनमा आउदा प्याराग्लाइडिङ विस्थापन हुन्छ, मन्त्रालय र महाशाखाले पूर्व तयारी गरेको हो,” पर्यटन महाशाखाका प्रमुख दुर्गा श्रीषले भन्नुभयो,“अहिले नै प्रयोगमा नआएको भए पनि तयार भएका संरचना प्रयोगमा आउछन् ।” मन्त्रालयले सबै संरचनाको विषयमा जानकारी राखेको श्रीषले बताउनुभयो । प्याराग्लाइडिङ उडान गर्नेगरी तयार पारिएका संरचना रहेको स्थान एक हजार ८५४ मिटरको उचाइमा छ । धौलागिरि हिमालको काख, कालीगण्डकीले बनाएका खोँचको विचरण, बागलुङ, पर्वत र म्याग्दी जिल्लाको मुकाममाथि शयर गर्न सकिने र सहासिक पर्यटनका पूर्वाधारसमेत बलेवामा रहेकाले यहाँ प्याराग्लाइडिङको सम्भावना प्रचुर रहेको सरोकारवाला बताउछन् ।

# पर्यटकीय गन्तव्य खोज्न म्याग्दी पुगे व्यवसायी

पोखरापत्र संवाददाता
पोखरा, २१ मंसिर

नयाँ पर्यटकीय गन्तव्य पहिचान र प्रवर्द्धनका लागि पर्यटन बोर्ड र व्यवसायीको टोली सोमबार म्याग्दी आएको छ ।

नेपाल पर्यटन बोर्डको गण्डकी प्रदेश कार्यालय पोखरा र नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाटा)को टोली म्याग्दीका नयाँ पर्यटकीयस्थलको सम्भाव्यता अध्ययनका लागि आएको हो । पर्यटन बोर्डको प्रदेश कार्यालयका प्रबन्धक नवीन पोखरेल, नाटाका प्रदेश अध्यक्ष सञ्जयकान्त सिग्देल, तारा गौतमसहितको टोलीले नयाँ गन्तव्यको अवलोकन, सरोकारवालासँग अन्तर्क्रिया सुरु गरेको छ । बेनी नगरपालिका, रघुगङ्गा र मङ्गला गाउँपालिकाको सिमानामा पर्ने टोड्केबाट नयाँ गन्तव्यको अध्ययन सुरु गरेको नाटाका तारा गौतमले बताउनुभयो । “नेपालमा आउने पर्यटकलाई घुमाउने स्थान खोज्न निस्किएका हौँ”, उहाँले भन्नुभयो, “म्याग्दीको टोड्के, मुस्ताङको नाउरीकोट, गुरुसाङबो गुम्बा, भुरतुछो र सेकुङ ताललाई प्रवर्द्धन गर्ने योजना छ ।”

टोलीले पर्यटकीयस्थलहरूको निरीक्षण गरेर पर्यटक ल्याउनका लागि प्याकेज बेच्ने गौतमले बताउनुभयो । टोलीले बेनीमा म्याग्दी उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरूसँग छलफल गरेको थियो । छलफलका क्रममा पर्यटन बोर्ड गण्डकीका प्रमुख पोखरेलले छोटिएको पर्यटकको बसाइ लम्ब्याउन नयाँ गन्तव्य खोजी गरिएको बताउनुभयो ।

सडक विस्तारसँगै पुराना पर्यटकीयस्थलमा आउने पर्यटकको बसाइ छोटिएको पोखरेलले बताउनुभयो । म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष बेलबहादुर कटुवाल, वरिष्ठ उपाध्यक्ष सुबिन श्रेष्ठले टोड्के, रुइसे, झाँक्रीपानी, लब्लीहिल, खोपारा, गुर्जा, ताकमकोत, मोहरेडाँडा, मालिकालगायतका स्थल म्याग्दीका नयाँ पर्यटकीयस्थलका रूपमा विकास भएको बताउनुभयो ।

हिमाल, अग्ला पहाड, झरना, नदीका साथै संस्कृति, ग्रामीण जीवनशैली म्याग्दीका पर्यटकीयस्थलका आकर्षण हुन् । नयाँ पर्यटकीयस्थलमा आवास सुविधाको व्यवस्थापनमा निजी क्षेत्रको लगानी आवश्यक रहेको छलफलमा सहभागीको भनाइ थियो ।

# भानुजन्मस्थललाई साहित्यिक पर्यटकीय क्षेत्र बनाइन्छ : श्रममन्त्री श्रेष्ठ

पोखरापत्र संवाददाता
दमौली, २१ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले राष्ट्रिय विभूति तथा आदिकवि भानुभक्त आचार्यको जन्मस्थल तनहुँको चुँदी रम्घालाई साहित्यिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आफूले योजना बढाएको बताउनुभएको छ ।

भानुभक्त तनहुँमा जन्मेका हुन् भनेर गौरव गर्नुबाहेक उल्लेखनीय काम हुन नसकेको अवस्थामा चुँदी रम्घामा पूर्वाधार निर्माण गर्नाका साथै प्राकृतिक सौन्दर्यका माध्यमबाट साहित्यिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना अघि बढाइएको उहाँले जानकारी दिनुभएको हो । तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका मन्त्री श्रेष्ठले भानुको जन्मस्थलको साहित्यिक र पर्यटकीय महत्व भएकाले यसको संरक्षण, संवर्द्धन र विकासका लागि सरोकार निकायहरूसँग पनि छलफल गरिने छ भन्नुभयो ।

चुँदी रम्घालाई आकर्षक पर्यटकीयस्थलका रूपमा विकास गर्ने मन्त्री श्रेष्ठको योजनालाई अमेरिकास्थित इन्ट्रा-नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेशनले सहयोग गर्ने जनाएको छ । फाउण्डेशनका अध्यक्ष डिल्ली अधिकारीले रम्घामा आदिकवि भानुभक्तको विश्वकै ठूलो पूर्णकदको सालिक निर्माण गरिने बताउनुभयो । उक्त योजना सफल बनाउन आदिकविको जन्मघर शिखर कटेरीमा विश्वकै ठूलो पूर्णकदको सालिक निर्माण गर्न लागिएको उहाँको भनाइ थियो। विकसित मुलुकका प्रतिष्ठित साहित्यकारहरूका स्मृतिलाई संरक्षण गर्ने गरिएकामा भानुभक्तको परिचय र योगदानलाई पनि जीवन्त राख्न पूर्णकदको सालिक बनाउन लागिएको अध्यक्ष अधिकारीले जानकारी दिनुभयो । पूर्णकदको सालिक निर्माणसँगै अन्य सम्पदाहरुको संरक्षण र विकासले चुँदी रम्घाको मुहार फेरिने र आकर्षक पर्यटकीयस्थलका रूपमा विकास हुने अपेक्ष गरिएको छ ।

आदिकवि भानुभक्तको जन्म विसं १८७१ असार २९ गते चुँदी रम्घामा भएको थियो । थुप्रै साहित्यिक योगदान पुऱ्याउनुभएका भानुभक्तले संस्कृत भाषाको रामायणलाई नेपाली भाषामा भावानुवाद गरी पठनीय बनाउनुभएको थियो । भानुभक्तलाई नेपाली भाषा र साहित्यको धरोहर मानिन्छ ।

# सकियो पहिलो शिकार याम : तोकिएभन्दा कम शिकार

पोखरापत्र संवाददाता
बागलुङ, २१ मंसिर

नेपालको एकमात्रै शिकार आरक्ष ढोरपाटन शिकार आरक्षमा यस वर्ष निर्धारित कोटाभन्दा कम शिकार भएको छ । शिकारको पहिलो याम समाप्तिसँगै आरक्षका विभिन्न ब्लकमा नौ नाउर र तीन झारलको शिकार भएको हो । पहिलो शिकार यामका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले छ वटा झारल र १० वटा नाउरको कोटा निर्धारण गरेको थियो । झारल तोकिएकोभन्दा तीनवटा कम र नाउर तोकिएकोभन्दा एकवटा कम शिकार भएको हो ।

एक झारल र एक नाउरको अनुमति प्राप्त गर्नुभएका रुसी नागरिक इभिजिनी सिरोक्यो शिकारका लागि नआएकाले शिकार हुन नसकेको हो । उहाँले हिमालयन वाइल्डआउटफिटरमार्फत शिकार अनुमति लिनुभएको थियो । व्यक्तिगत कारण देखाउँदै शिकारका लागि नआएको सञ्चालक शेरबहादुर वाइवाले जानकारी दिनुभयो । उहाँले सुन दहमा एक नाउर र एक झारलको शिकार गर्ने अनुमति लिनुभएको थियो । पहिलो शिकार याममा नेपाल ट्राभल्स एक्सपिडिसनमार्फत फ्रान्सेली नागरिक मार्लियर आन्द्रेले सेन ब्लकमा एक नाउर र ओभिन एन्टोनी नोयलले सेनब्लकमा एक नाउरको शिकार गर्नुभयो । तर फागुने ब्लकमा एक झारलको सिकार गर्न उहाँहरु चुक्नुभएको शिकार आरक्ष कार्यालयले जनाएको छ । हिमालयन सफारीमार्फत मेक्सिकाली नागरिक फ्रान्सीको जोई भिजेकोनले सेन ब्लकमा एक नाउरको शिकार गर्नुभयो । मेक्सिकाली नागरिक कार्लोसले सेन ब्लकमा एक नाउर मारे पनि झारलको शिकार गर्न सक्नुभएन । ट्र्याक एन्ड ट्रभाल्सले दुईजना युक्रेनी नागरिकलाई शिकारमा लगेको थियो । सेरिया लरेन र नाटालियन लरेनले धुस्तुङ ब्लकमा दुई नाउर र एक झारलको शिकार गर्नुभएको शिकार आरक्षको तथ्याङ्क छ । ग्लोबल सफारीमार्फत दोगाडी ब्लकमा पुग्नुभएको स्पेनी नागरिक जोएक्वाइन बेन्जिमेनले एक नाउरको शिकार गरेको ढोरपाटन शिकार केन्द्रका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र कँडेलले जानकारी दिनुभयो । स्पेनी नागरिक मुगलले पनि सोही ब्लकमा नाउरको शिकार गर्नुभएको थियो ।

चे रिपब्लिकन नागरिक रोमनले सुनदह ब्लकमा एक झारल र एक नाउरको शिकार गरेको ग्लोबल सफारीका सञ्चालक शमशेर पराजुलीले बताउनुभयो । ढोरपाटनमा शिकार गरेपछि अधिकांश शिकारीले मासु खाएर सिङ, खुर र छाला मात्रै आफ्नो देशमा लैजान्छन् । अन्तर्राष्ट्रिय तहमा हुने प्रतियोगितामा उनीहरुले सिङको प्रतिस्पर्धा गरेर ट्रफी जित्ने गरेका छन् । शिकार अनुमति प्राप्त कम्पनीले १५ दिनको अवधिमा आरक्षबाट खटिएका कर्मचारीको प्रत्यक्ष निगरानीमा शिकार गर्न पाउँछन् । आरक्षलाई सुनदह, सेङ, दोगाडी, बार्से, फागुने, सुर्तिवाङ र घुस्तुङ गरी सात ब्लकमा विभाजन गरी शिकार खेल्न दिने व्यवस्था गरिएको छ । हरेक वर्ष कात्तिक/मङ्सिर र चैत/वैशाखमा पहिलो र दोस्रो यामको शिकार हुने गरेको छ । गत वर्ष कोरोना महामारीका कारण यहाँ शिकार पर्यटन प्रभावित भएको थियो । उमेर पुगेका नाउर र झारलको गणना गरेर आरक्षले शिकारका लागि योग्य वयस्कको तथ्याङ्क निकाल्ने गरेको छ ।